त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिंग अध्ययन संस्थान
पुल्चोक क्याम्पस
सामान्य प्रशासन । कर्मचारी प्रशासन शाखा।

पत्र संख्या : २०६७।०६१ च.नं. ८३८ मिति : २०६८/११/१८

विषय : प्रतिलिपि पठाइएको बारे ।

१.श्री सिभिल इन्जि.विभाग
२.श्री आर्किटेक्चर विभाग
३.श्री इलेक्ट्रीकल इन्जि.विभाग
४.श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इन्जि.विभाग
५.श्री मेकानिकल इन्जि.विभाग
६.श्री विज्ञान तथा मानविकी विभाग
७.श्री महिला छात्रावास
८.श्री नयाँ छात्रावास ।
९.श्री एम.एस.सी छात्रावास
१०.श्री आर्थिक शाखा
११.श्री शैक्षिक प्रशासन शाखा
१२.श्री स्टोर शाखा
१३.श्री प्लेसमेन्ट शाखा
१४.श्री प्रशासन (शिक्षक) शाखा
१५. श्री ... [illegible]

श्री [illegible] कार्यालयको पत्र संख्या [illegible] मिति [illegible] विषयको [illegible] [illegible] पत्रको प्रतिलिपी आवश्यक जानकारी एवं कारवाहीकोलागि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

ऊर्मिला शर्मा
उप प्रशासक

इ.अ.सं.
कार्यकारी समितिको मिति ०५७
५ गते बसेको बैठकबाट पारित।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक क्याम्पस

# छात्रावास सम्बन्धी नियम २०५७

## संक्षिप्त नाम र प्रारम्भ

१.१ छात्रावास भन्नाले त्रि.वि.,इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा त्रि.वि. द्वारा एवं इन्जिनियरिङ्ग अध्ययन संस्थान द्वारा तोकिएको शुल्क बुझाई नियमित रुपले अध्ययन गर्ने नियमित तथा पुर्ण शुल्किय विद्यार्थीहरु बस्नका लागि तोकिएको आवास गृह सम्झनु पर्दछ ।

१.२ अख्तियारवाला भन्नाले इन्जिनियरिङ्ग अध्ययन संस्थानको डीन वा पुल्चोक क्याम्पसका क्याम्पस प्रमुख वा क्याम्पस प्रमुखले तोकेको व्यक्ति सम्झनु पर्दछ।

१.३ नियमित विद्यार्थी भन्नाले इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा त्रि.वि. द्वारा तोकिएको शुल्क बुझाई र पुर्ण शुल्किय विद्यार्थी भन्नाले इन्जिनियरिङ्ग अध्ययन संस्थान द्वारा तोकिएको शुल्क बुझाई नियमानुसार नाम दर्ता गराई नियमित रुपमा अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्दछ ।

## छात्रावासमा प्रवेश

२.१ इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा त्रि.वि. द्वारा एवं इन्जिनियरिङ्ग अध्ययन संस्थान द्वारा तोकिएको शुल्क बुझाई नियमित रुपले अध्ययन गर्ने स्नातक तह तथा स्नातकोत्तर तहका नियमित तथा पुर्ण शुल्किय विद्यार्थीहरुले छात्रावास प्रवेशको लागि दरखास्त फारम भर्नु पर्नेछ । तर स्नातकोत्तर तह हालको लागि एम.एस्सी. छात्रावासमा मात्र भर्ना गराइनेछ ।

२.२ इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले छात्रावासमा बस्न चाहेमा, छात्रावास प्रशासन द्वारा प्रकाशित गरेको दरखास्त आव्हान सम्बन्धी सूचनाको आधारमा निर्धारित म्याद भित्र पर्न आएका दरखास्त उपर छनौट गरी नतिजा प्रकाशित गरिनेछ र नतिजा प्रकाशित भएको मितिले ७ दिन भित्र भर्ना भै सक्नु पर्नेछ ।

२.३ छात्रावासमा बस्न अनुमति दिइएका विद्यार्थीहरुलाई निजको अध्ययनका लागी तोकिएको शैक्षिक अवधिसम्म मात्र बस्न दिइनेछ ।

२.४ छात्रावासमा बस्न अनुमति दिइएका विद्यार्थीहरुले तोकिएको मासिक कोठा शुल्क हरेक महिनाको १५ गते सम्म बुझाउनु पर्नेछ । महिनाको १५ गतेसम्म तोकिएको शुल्क नबुझाएमा सो महिनाको १६ गते देखी मसान्त सम्म प्रतिदिन २५ पैसा विलम्ब शुल्क लिरी तोकिएको शुल्क बुझाउनु पर्नेछ र सो महिनाको मसान्त पछी थप रु ५।- विलम्ब शुल्क लिरी अर्को महिनाको मसान्त सम्म तोकिएको शुल्क बुझाउनु पर्नेछ ।

२.५ उपदफा २.४ मा व्यवस्था गरिएअनुसार शुल्क नबुझाएमा अख्तियारवालाले सम्बन्धित विद्यार्थीलाई छात्रावास छाड्ने सुचना दिनेछ र सो सुचना जारी गरिएको १५ दिन भित्र निजले छात्रावास छाड्नु पर्नेछ । निजबाट असुल उपर गरिनु पर्ने छात्रावास शुल्क निजको धरौटीबाट कट्टा गरी असुल उपर गरिने छ. असुल उपर गरिनु पर्ने रकम निजको धरौटी रकमबाट नपुग भएमा निजले तिर्नुपर्ने सबै शुल्क नबुझाए सम्म निजको वार्षिक परिक्षाफल रोक्का गरिनेछ ।

२.६ छात्रावासमा भर्ना भएको ७ दिन भित्र छात्रावासद्वारा तोकिएको कोठामा बसि सक्नु पर्नेछ । अन्यथा निजको नाम स्वत रद्द गरी अन्य वैकल्पिक विद्यार्थीको नाम छात्रावास भर्नाको लागि प्रकाशित गरिने छ ।

## छात्रावास संचालक समितिको गठन,काम कर्तव्य र अधिकार

३.१ इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा भएका छात्रावासहरुको सुव्यवस्थित रुपले संचालनका लागि एक संचालक समिति रहनेछ र यसको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क) | इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसका क्याम्पस प्रमुख | अध्यक्ष |
| ख) | अध्यक्षबाट मनोनित शिक्षकहरु बढीमा २ जना | सदस्य |
| ग) | सुपरिवेक्षक / सहायक सुपरिवेक्षकहरु | सदस्य |
| घ) | छात्रावासमा कार्यगर्ने प्रशासनिक कर्मचारी १ जना | सदस्य |
| ङ) | आर्थिक शाखाको प्रमुख | सदस्य |
| च) | स्वतन्त्र विद्यार्थी यूनियनको प्रतिनिधी १ जना | सदस्य |

ङ) छात्रावास विद्यार्थी समितिहरूका तर्फबाट १ जना प्रतिनिधी — सदस्य

च) सम्बन्धित क्याम्पसको प्रशासन शाखाका प्रमुख — सदस्य

२.२ उपदफा २.१ बमोजिम गठित संचालक समितिले १ जनालाई सदस्य सचिव मनोनित गर्न सक्नेछ ।

२.३ ऐन,नियम,विनियम र निर्देशनको अधीनमा रही छात्रावास संचालक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) छात्रावासका विद्यार्थीहरूले छात्रावासमा बस्दा पालना गर्नुपर्ने आचरण,अनुशासन र अन्य आवश्यक व्यवस्थाका लागि उप नियमहरू बनाउने ।

ख) यस विनियममा उल्लेख गरिएको बाहेक छात्रावास शुल्क लिने तरिका निर्धारण गर्नु ।

ग) छात्रावासका लागि चाहिने आवश्यक प्रशासनिक कर्मचारी मेट्रन,वार्डेन,चौकिदार,कुचिकार बगैंचे,सहयोगी आदिको दरबन्दी सिर्जना गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्नु ।

घ) छात्रावासको सम्पत्ति हानी नोक्सानी भएमा क्षतिपूर्ति लिन र लिन लगाउन ।

ङ) छात्रावास संचालन गर्न आवश्यक सबै काम गर्नु र समय समयमा डीनले दिएको निर्देशन पालना गर्नु गराउनु ।

च) छात्रावास सुधार कोषको वार्षिक हिसाब किताब लिई त्यही रकमबाट छात्रावास मर्मत सुधार गराउने ।

छ) छात्रावासमा आकस्मिक अवस्थाको लागि सानो तिनो काम को व्यवस्था लाई प्रभावकारी रूपमा लागु गरिने छ ।

## सुपरिवेक्षक/सहायक सुपरिवेक्षकको नियुक्ति,काम कर्तव्य र अधिकार

६.१ प्रत्येक छात्रावासको व्यवस्थापनको लागि एक जना सुपरिवेक्षक र आवश्यकता अनुसार एक जना सहायक सुपरिवेक्षक रहनेछन् । सुपरिवेक्षक/सहायक सुपरिवेक्षकको नियुक्ति क्याम्पस प्रमुखबाट हुनेछ ।

६.२ सुपरिवेक्षक तथा सहायक सुपरिवेक्षकको कार्यकाल २ वर्षको हुनेछ र आवश्यक भएमा अर्को कार्य अवधिको लागि पुनः नियुक्त गर्न सकिनेछ । तर निजको कार्य सन्तोषप्रद नभएमा अवधि नसकिदै क्याम्पस प्रमुखले सुपरिवेक्षक तथा सहायक सुपरिवेक्षक पदबाट हटाउन सक्नेछ ।

६.३ सुपरिवेक्षकले मासिक रु ५००।- र सहायक सुपरिवेक्षकले मासिक रु.३००।- भत्ता पाउनेछ र निजहरूको लागि निःशुल्क आवास, पानी तथा १०० युनिट सम्म निःशुल्क बत्तीको सुविधा दिइनेछ ।

६.४ क्याम्पस प्रशासन तथा छात्रावास प्रशासनले आवश्यकता अनुसार सूचना प्रकाशित गरी निषेध गरिएको वस्तुहरु प्रयोग गरिएको पाइएमा पहिलो पटकलाई त्यसो नगर्न चेतावनी पत्र दिने र दोश्रो पटक पनि त्यही वस्तुहरु प्रयोग गरेको पाइएमा त्यस्तो वस्तु जफत गरी कार्वाहीको प्रकृया अगाडी बढाउनु का साथै छात्रावास भित्र अनुशासन कायम गर्नु गराउनु सुपरिवेक्षकको कर्तव्य हुनेछ । साथै सुपरिवेक्षकले देहाय बमोजिमका कामहरु गर्नु पर्नेछ ।

क) कुनै पनि विद्यार्थीले अनावश्यक होहल्ला गरी भौतिक सम्पत्ति तोडफोड गरेमा चेतावनी पत्र सहित आवश्यक जरिवाना असुल गर्ने ।

ख) कुनै पनि विद्यार्थीले विद्यार्थीलाई आतंक गरेमा दुवै पक्षलाई राम्री स्थितिको अध्ययन गरी कारवाहीको प्रकृया अगाडी बढाउने ।

ग) कसैको पनि आगन्तुक वर्ग दाजुभाइ,दिदी बहिनी तथा साथीभाईलाई कुनै पनि विद्यार्थीले अभद्र व्यवहार गरेमा कडा चेतावनी दिने ।

घ) कुनै पनि शिक्षक तथा कर्मचारी माथी गाली गलौज गरी अभद्र व्यवहार गरेमा घटनाको परिस्थिति बुझी प्रथम पटक लिखित स्पष्टिकरण सहित कडा चेतावनी दिने दोश्रो पटक छात्रावासबाट निष्कासनको लागि छा.वा. संचालक समितिमा सिफारिस पठाउने ।

ङ) कुनै पनि विद्यार्थी छात्रावासमा आवश्यक उपस्थित दिन भन्दा कम उपस्थित भएमा छा.वि. स. संग आवश्यक सल्लाह गरी छात्रावासबाट निष्कासनको लागि छात्रावास संचालक समितिमा सिफारिस पठाउने ।

नोट : हाजिरी सार्वजनिक बिदाको दिनमा नगरिने भएकाले हाजिरी दिन गणना गर्दा सार्वजनिक बिदाको दिन कटाएर गणना गरिनेछ । साथै हाजिरी हुनुपर्ने दिनहरू ७०% अनिवार्य उपस्थित हुनु पर्नेछ ।

घ) कुनै पनि विद्यार्थीले मादक पदार्थ सेवन गरी मातेर मसीन,तोडफोड,हात हालाहाल जस्ता व्यवहार गरेमा छा.वि.स.को सल्लाहमा छात्रावासबाट निष्कासनको लागि छात्रावास सञ्चालक समितिमा सिफारिस पठाउने ।

ङ) कुनै पनि शिक्षक तथा कर्मचारी माथि हात हालेमा सहभागी पछिल्लो वर्ष छात्रावासबाट निष्कासनको लागी छात्रावास सञ्चालक समितिमा सिफारिस पठाउने ।

४.५ छात्रावास हातामा रहेको व्यक्तिको जीउज्यानमा खतरा,हत्या,मारपीट,आगलागी जस्ता आकस्मिक असाधारण स्थिति छात्रावासमा उत्पन्न भएमा छात्रावासको हितलाई ध्यानमा राखी सुपरिवेक्षक स्वयंले आपत्कालिन निर्णय गर्न सक्नेछ र त्यसको जानकारी अविलम्ब सञ्चालक समितिलाई दिनुपर्नेछ ।

४.६ आगन्तुक नर्म : छात्रावासका आवासिय विद्यार्थीहरूका आफन्त हरूलाई सम्बन्धित विद्यार्थीको लिखित जिम्मेवारीमा बढीमा ८ जना सम्म बढीमा ३ दिन सम्म प्रति दिन प्रति व्यक्ति रु.१५ लिई छात्रावास सुपरिवेक्षकले बस्न दिन सक्नेछ । साथै सधै क्याम्पसमा अध्ययन गर्ने तर छात्रावासमा नबस्ने विद्यार्थीहरूको हकमा भने प्रति व्यक्ति रु.१० लिई छात्रावास सुपरिवेक्षकको पूर्व स्वीकृति लिएर बस्न सकिने छ । तर यो नियम महिला छात्रावास भने लागु नहुने तथा पुरानो छात्रावासमा भने सुपरिवेक्षकको निर्णय अनुसार हुने ।

४.७ छात्रावासमा बस्ने विद्यार्थीहरूको लागि अध्ययनको र छात्रावासमा दैनिक प्रवेशको समय तपसिल बमोजिम हुनेछ । साथै कुनै पनि विद्यार्थी तोकिएको समय पछि छात्रावासमा प्रवेश गर्नुपर्ने भएमा उचित कारण देखाई सुपरिवेक्षकबाट पूर्व लिखित अनुमति लिनुपर्नेछ ।

तपसिल

| पुरुष छात्रावास | महिला छात्रावास |
|---|---|
| प्रवेश समय : बेलुका १०:०० बजे सम्म | प्रवेश समय : बेलुका ७:०० बजे सम्म |
| निस्कने समय : बिहान ४:०० बजे पछि | (गर्मी महिनामा) |
| (गर्मी महिनामा) | बेलुका ६:३० बजे सम्म (जाडो महिनामा) |
| बिहान ५:०० बजे पछि | निस्कने समय : बिहान ७:०० बजे पछि |

## छात्रावास विद्यार्थी समिति (प्रिफेक्ट)

५.१ छात्रावासमा अनुशासन कायम गर्ने काम र छात्रावासको सञ्चालनका लागि एक छात्रावास विद्यार्थी समिति (प्रिफेक्ट) रहनेछ । छात्रावास विद्यार्थी समिति (प्रिफेक्ट) को गठन यस प्रकार हुनेछ ।

क) छात्रावासको प्रत्येक तल्लाबाट (आपसी सल्लाह अथवा निर्वाचनबाट) एक/एक जना प्रिफेक्ट सदस्य ।

ख) चुनिएका प्रिफेक्टहरु मध्येबाट आपसमा सल्लाह गरी अध्यक्ष,सचिव र कोषाध्यक्ष बाँकी सम्पुर्ण सदस्य रहनेछन ।

*नोट : महिला छात्रावासमा प्रिफेक्ट चुन्ने काम सुपरिवेक्षकको स्वविवेक अनुसार हुनेछ ।*

५.२ प्रिफेक्टको कार्य अवधि १ वर्षको हुनेछ । तर निजको अध्ययन समाप्त भई नियमित विद्यार्थी नरहेमा निज स्वतः प्रिफेक्ट रहनेछैन । प्रिफेक्टको कार्य सन्तोषजनक नलागेमा निजलाई हटाई सुपरिवेक्षकले अर्को प्रिफेक्ट नियुक्त गर्न सक्नेछ ।

५.३ प्रिफेक्टलाई निजको कार्य अवधिभर छात्रावास शुल्क मिनाहा हुनेछ ।

## छात्रावासमा बस्ने विद्यार्थीहरुले अनुशासन सम्बन्धी पालना गर्नुपर्ने आचरणहरु

६.१ प्रत्येक विद्यार्थीले हरेक दिन तोकिएको समयमा छात्रावासमा प्रवेश गरिसक्नु पर्नेछ ।

६.२ प्रत्येक दिन हाजिर गर्न आउने समयमा अनिवार्य रूपले आफ्नो कोठामा बसी छात्रावास उपस्थितिको हाजिरी जनाउनु पर्नेछ । यदि आफ्नो कोठामा नबसी हाजिरी छुट हुन गएमा सो को जिम्मेवारी सम्बन्धित विद्यार्थी आफै हुनु पर्नेछ ।

३. सुपरिवेक्षकको पूर्व स्वीकृति बेगर राती छात्रावासमा अनुपस्थित हुन पाइने छैन र यसरी पूर्व स्वीकृती बेगर अनुपस्थित भएमा यस नियमको ४ को दफा ४.४ को खण्ड ङ बमोजिम कार्वाही गरिनेछ ।

४. छात्रावास हातामा कोही पनि विद्यार्थीले छात्रावासमा रहेको त्रि.वि.को सम्पत्तिको हानी नोक्सानी गर्न गराउन,कुनै घातक हात हतियार राख्न र राख्न लगाउन,मादक पदार्थ सेवन गर्न गराउन, विष्फोटक पदार्थ राख्न लगाउन,आगो लाग्ने सामान राख्न र राख्न लगाउन पाइने छैन । हिटर,पंखा,इस्त्री, गाना बजाउने सामान आदि पूर्व स्वीकृति बेगर प्रयोग गर्नु हुँदैन र उपर्युक्त निषेधित कार्य गरेमा छात्रावास सम्बन्धी विनियम २०५७ अनुसार कार्वाही गरिनेछ ।

५. सुपरिवेक्षकको पूर्व स्वीकृति बिना छात्रावास भित्र कुनै सभा वा अन्य कार्यक्रम गर्न पाइने छैन । यदि गरेमा छात्रावास सम्बन्धी विनियम २०५७ अनुसार कार्वाही गरिनेछ ।

## ७. आगन्तुकहरु

१. छात्रावासमा बस्ने विद्यार्थीहरूलाई अभिभावक वा अन्य नातेदार र मित्रले भेटघाट गर्न आएमा सुपरिवेक्षकको अनुमति लिएर भेटघाट गर्न दिइनेछ । तर महिला छात्रावासको हकमा आगन्तुक कक्षमा मात्र स्वीकृती लिई भेट गर्न पाइनेछ । यसरी भेट गर्न आउने आगन्तुकहरूले आफ्नो नाम, विद्यार्थीसंगको नाता,सम्बन्ध र समय आगन्तुक कक्षमा राखिएको रजिष्टरमा लेख्नु पर्नेछ ।

२. कुनै पनि आगन्तुकलाई छात्रावासमा प्रवेश गर्न दिएमा क्याम्पसको हानी नोक्सानी र सम्पत्तिको हानी हुन्छ भन्ने सुपरिवेक्षकलाई लागेमा निजको स्वविवेकमा त्यस्ता आगन्तुकलाई प्रवेश निषेध गरिनेछ ।

## ८. छात्रावासमा बस्ने अधिकार नभएको

१. यस नियममा जे सुकै लेखिएको भएता पनि छात्रावासमा प्रवेश पाउन,बस्न,खान वा एक पटक छात्रावासमा प्रवेश भए पछि सदाको लागि छात्रावासमा बसि रहन कुनै पनि विद्यार्थीको अधिकारको कुरो हुने छैन ।

२. उप दफा ८.८.१ को व्यवस्था प्रतिकूल प्रभाव नपर्ने गरी तल लेखिएको अवस्थामा कुनै विद्यार्थी छात्रावासमा बसि रहन पाउने छैन ।

क) नियमित विद्यार्थी नरहेमा ।

ख) अन्तिम शैक्षिक वर्ष र खण्डको परीक्षा सकिएको १ महिना बितेपछि ।

ग) छात्रावासमा बस्ने कुनै पनि विद्यार्थीले कुनै एक विषय लिई एक तहमा शैक्षिक सत्र/वर्ष पुरा गरिसकेपछि सोही तहमा अर्को विषय लिई अध्ययन गरेमा ।

घ) क्याम्पसबाट निष्काशित भएमा ।

ङ) कुनै प्रकारको घातक रोग लागेको भनी त्रि.वि. शिक्षण अस्पताल वा अन्य अस्पताल वा रजिष्टर्ड चिकित्सकबाट प्रमाणित भएमा ।

च) सुपरिवेक्षकको जानकारीमा नल्याई ४८ घण्टा भन्दा बढी छात्रावासबाट अनुपस्थित भएमा ।

छ) छात्रावासको शान्त वातावरणलाई आफ्नो कृयाकलाप र गतिविधीबाट अशान्त बनाएमा वा खलबलाएमा ।

ज) यस विनियमको उपेक्षा र सुपरिवेक्षकको अवज्ञा गरी अनुशासन पालना नगरेमा ।

यस विनियमको उप दफा ८.२ का खण्ड क देखी ज सम्मा उल्लेख गरिएका अवस्थाका कुनै पनि विद्यार्थी छात्रावासमा बसिरहेमा छात्रावास संचालक समितिले ७ दिनको पुर्व सुचना दिई निज विद्यार्थीलाई छात्रावासबाट निष्कासन गर्नेछ ।

## ९. छात्रावास बन्द रहन सक्ने

निम्नलिखित अवस्थामा छात्रावास बन्द रहन सक्नेछ ।

क) क्याम्पसमा वर्षा वा हिउदे बिदा भई पढाई बन्द रहेमा ।

ख) छात्रावासको मर्मत संभार गर्न ३० दिन भन्दा बढी लाग्ने भएमा ।

ग) क्याम्पस कुनै कारणवश लामो अवधिको लागि वा अनिश्चितकालको लागि बन्द रहेमा वा बन्द गर्नु पर्ने स्थिति आएमा ।

घ) छात्रावासमा कुनै प्रकारको आपतजनक स्थिति उत्पन्न भएमा वा हुन सक्ने भएमा ।

**१०** **मेस**

१०.१ प्रत्येक छात्रावासमा विद्यार्थीहरुको लागि विद्यार्थी सख्या हेरी मेस रहनेछ।

१०.२ मेसलाई व्यवस्थित वनाउनको लागि सुपरिवेक्षकले विद्यार्थीहरुमध्येवाट एक अनुगमन कमिटी गठन गर्नेछ।

१०.३ यस विनियमको दफा १० को उपदफा १०.२ अनुसार गठित कमिटीले समय समयमा छात्रावास प्रशासन संग आवश्यक सरसल्लाह गरिरहनुपर्नेछ।

१०.४ छात्रावास प्रशासनको नीति निर्देशन अनुसार मेस संचालन हुनेछ।

१०.५ मेस संचालन टेण्डर प्रकृया व्दारा छनौट भएको ठेकेदारले गर्नेछ।

**११** **कोटा परिवर्तन**

११.१ विद्यार्थी कोटा अनुसार विद्यार्थी भर्ना नभएमा पुनः ७ दिने सुचना दिई सोही समुह र तहको विद्यार्थीहरुको लागी दरखास्त आव्हान गरी कोटा पुर्ण गरिनेछ।

११.२ यदी ११.१ अनुसार विद्यार्थी भर्ना नभएमा दरखास्त पर्न आएका सोही तहका सम्पुर्ण वैकल्पिक विद्यार्थीहरु मध्ये उच्चतम स्कोर प्राप्त गर्ने विद्यार्थीको नाम छात्रावास भर्नाको लागि प्रकाशित गरिने छ तर यसरी गर्दा रिक्त सिट सख्या १ भन्दा वढी छ भने सम्पुर्ण समुह मध्येवाट क्रमशः उच्चतम स्कोर प्राप्त गर्ने वैकल्पिक विद्यार्थीको नाम छात्रावास भर्नाको लागि प्रकाशित गरिने छ।

११.३ यदी ११.१ तथा ११.२ अनुसार पनि कोटा पुर्ण नभएमा छात्रावास संचालक समितिको निर्णय अनुसार पुर्ण गरिनेछ।

११.४ एक पटक छात्रावासमा वसि सकेकोमा र पछि छात्रावास छोडेमा पुनः छात्रावासमा वस्न दिइने छैन।

११.५ एक पटक छात्रावास पाएकोमा भर्ना नगरी छात्रावसमा नवसेकोमा पुनः उक्त विद्यार्थीको नामावली प्रकाशित गरिने छैन।

११.६ पुल्चोक क्याम्पसमा शिक्षक कर्मचारी कोटावाट अध्ययनरत विद्यार्थीहरुलाई प्रत्येक वर्ष १ सिट मात्र उपलब्ध गराउने। यसरी गर्दा आवेदक १ जना भन्दा वढी भएमा प्रवेश परिक्षा तथा स्थानियताको अंकको आधारमा उच्चतम अंक प्राप्त गर्नेलाई उपलब्ध गराउने।यसरी शिक्षक कर्मचारी कोटावाट अध्ययन गर्ने विद्यार्थीहरु छात्रावासमा वस्दा आम विद्यार्थी सरहनै वस्नु पर्नेछ र त्यस्ता विद्यार्थीहरुलाई अन्य विद्यार्थीहरु सरहनै नियम लागु हुनेछ। तर यो नियम महिला छात्रावास र एम.एस्सी. छात्रावासको लागी भने लागु गरिने छैन।

११.७ नेपाल वाहिरवाट आई यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुले छात्रावासमा वस्न चाहेमा प्रत्येक वर्ष १ सिट छात्रावासमा उपलब्ध गराउने र आवेदक संख्या एक भन्दा वढी भएमा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीलाई छात्रावास उपलब्ध गराउने तर यसरी गरिदा उक्त विद्यार्थीको प्रवेशिका ( S.L.C. ) तथा प्रमाण पत्र तह सरहको अध्ययन दुवै नेपाल वाहिरको हुनु पर्दछ।

**१२** **छात्रावास भर्ना**

१२.१ छात्रावासमा भर्नाको लागि एक निर्धारित मितिमा निर्धारित समय राखी छात्रावास प्रशासन व्दारा जारी गरिएको सुचना अनुसार दरखास्त आव्हान गरिनेछ।

१२.२ छात्रावास भर्नाको लागि ध्यान दिनु पर्ने कुरा हरु :

- क) दरखास्त फारम पुर्णरुपले भरी निर्धारित म्याद भित्र वुझाउनु पर्नेछ।
- ख) दरखास्त फारमको साथमा दुई प्रति पासपोर्ट साईजको फोटो (हालसालै खिचिएको) एस.एल.सी. लब्धांकको प्रमाणित प्रतिलिपी,चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नागरिकताको प्रमाणित प्रतिलिपी एक/एक प्रति वुझाउनु पर्नेछ।
- ग) दरखास्त फारम रु.५०।- तिरी क्याम्पसको आर्थिक शाखावाट उपलब्ध गराइनेछ।

१२.३ छात्रावासमा विद्यार्थी भर्ना गर्दा अपनाइने आधारहरु :

१२.३.१ क्याम्पस प्रवेश परीक्षामा प्राप्त गरेको स्कोर र स्थानियताको अंकलाई जोडी जसको वढी स्को हुन्छ त्यसैको आधारमा निर्धारीत कोटा अनुसार छात्रावास भर्नाको लागि नामावली प्रकाशि गरिनेछ।

१२.३.२ स्थानियताको अंक तपसिल बमोजिम हुनेछ :

| क्र.सं. | विवरण | अंक |
|---|---|---|
| १ | गैर सदरमुकाम दुर्गममा जन्मी गैर सदरमुकाम दुर्गममा पढेमा | ९० |
| २ | गैर सदरमुकाम दुर्गममा जन्मी गैर सदरमुकाम सुगममा पढेमा | ७० |
| ३ | गैर सदरमुकाम दुर्गममा जन्मी सदरमुकाम दुर्गममा पढेमा | ८५ |
| ४ | गैर सदरमुकाम दुर्गममा जन्मी सदरमुकाम सुगममा पढेमा | ६० |
| ५ | गैर सदरमुकाम सुगममा जन्मी गैर सदरमुकाम दुर्गममा पढेमा | ७० |
| ६ | गैर सदरमुकाम सुगममा जन्मी गैर सदरमुकाम सुगममा पढेमा | ७० |
| ७ | गैर सदरमुकाम सुगममा जन्मी सदरमुकाम दुर्गममा पढेमा | ७० |
| ८ | गैर सदरमुकाम सुगममा जन्मी सदरमुकाम सुगममा पढेमा | ६५ |
| ९ | सदरमुकाम दुर्गममा जन्मी गैर सदरमुकाम दुर्गममा पढेमा | ८० |
| १० | सदरमुकाम दुर्गममा जन्मी गैर सदरमुकाम सुगममा पढेमा | ७० |
| ११ | सदरमुकाम दुर्गममा जन्मी सदरमुकाम दुर्गममा पढेमा | ८० |
| १२ | सदरमुकाम दुर्गममा जन्मी सदरमुकाम सुगममा पढेमा | ६० |
| १३ | सदरमुकाम सुगममा जन्मी गैर सदरमुकाम दुर्गममा पढेमा | ६० |
| १४ | सदरमुकाम सुगममा जन्मी गैर सदरमुकाम सुगममा पढेमा | ६० |
| १५ | सदरमुकाम सुगममा जन्मी सदरमुकाम दुर्गममा पढेमा | ६० |
| १६ | सदरमुकाम सुगममा जन्मी सदरमुकाम सुगममा पढेमा | ६० |
| १७ | एउटा जील्लाको गै.स.दु.मा जन्मी अर्को जिल्लाको गै.स.दु.मा पढेमा | ९० |
| १८ | एउटा जील्लाको गै.स.दु.मा जन्मी अर्को जिल्लाको स.दु.मा पढेमा | ८० |
| १९ | एउटा जील्लाको स.दु.मा जन्मी अर्को जिल्लाको गै.स.दु.मा पढेमा | ८० |
| २० | एउटा जील्लाको स.दु.मा जन्मी अर्को जिल्लाको स.दु.मा पढेमा | ८० |
| २१ | एउटा जील्लाको गै.स.सु.मा जन्मी अर्को जिल्लाको गै.स.सु.मा पढेमा | ७० |
| २२ | एउटा जील्लाको गै.स.सु.मा जन्मी अर्को जिल्लाको स.सु.मा पढेमा | ६० |
| २३ | एउटा जील्लाको स.सु.मा जन्मी अर्को जिल्लाको गै.स.सु.मा पढेमा | ६० |
| २४ | एउटा जील्लाको गै.स.सु.मा जन्मी अर्को जिल्लाको स.सु.मा पढेमा | ६० |
| २५ | उपत्यकामा जन्मी उपत्यका बाहिर पढेमा | २० |
| २६ | उपत्यका बाहिर जन्मी उपत्यका भित्र पढेमा | २५ |
| २७ | उपत्यका भित्र जन्मी उपत्यका भित्रमा पढेमा | २० |
| २८ | नगरपालिकालाई सदरमुकाम सरह नम्बर दिइने | |

१२.३.३. उपत्यका भित्रका नगरपालिका ( का.म.पा., किर्तिपुर न.पा., ललितपुर उप म.पा., भक्तपुर न.पा., र मध्यपुर न.पा.) लाई छात्रावास उपलब्ध नगराउने ।

नोट :

१) उपत्यका भन्नाले काठमाण्डौ भक्तपुर र ललितपुर जिल्लाको श्री ५ को सरकारले निर्धारण गरेको क्षेत्र ।

२) दुर्गम भन्नाले त्रि.वि. ले तोकेका जिल्लाहरु बुझिन्छ ।

३) गै. भन्नाले गैर,स. भन्नाले सदरमुकाम,दु. भन्नाले दुर्गम र सु. भन्नाले सुगम बुझाउँछ ।

माथि उल्लेखित छात्रावास सम्बन्धी विनियम २०५७ तयार गर्नका लागि एक छात्रावास नियम प समिति गठन भएको थियो । उक्त समितिको गठन यस प्रकार छ ।

| | | |
|---|---|---|
| १) | प्रा.डा. श्री मुकुन्दप्रकाश सिंह प्रधान | अध्यक्ष |
| २) | श्री दीपकचन्द्र न्यौपाने | सदस्य |
| ३) | श्रीमति मधुरा कार्की | सदस्य |
| ४) | श्री दुर्गा प्रसाद संग्रौला | सदस्य |
| ५) | श्री रंजित कुमार कर्ण | सदस्य |
| ६) | श्री दिनेश कुमार श्रेष्ठ(लेखा) | सदस्य |
| ७) | श्री कमल प्रसाद घिमिरे | सदस्य-सचिव |

माथि उल्लेखित विनियम मिति २०५७ कार्तिक १५ गते देखी लागू हुनेछ ।

छात्रावास सम्बन्धी विनियम २०५७ लाई सशोधन गर्नका लागि एक छात्रावास सम्बन्धी विनियम २०५' परिमार्जन समिति गठन गरिएको थियो । उक्त समितिको गठन यस प्रकार छ ।

| | | | |
|---|---|---|---|
| सुमन रिसाल | अध्यक्ष | जीना शर्मा | सदस्य |
| मधुरा कार्की | सदस्य | मोहनराज पन्त | सदस्य |
| प्रशान्त कुमार घिमिरे | सदस्य | भोला शिवंत | सदस्य - सचिव |
| विद्याधर शर्मा | सदस्य | | |

नोट : संशोधन गरिन आवश्यक देखी प्रस्तुत गरिएको छात्रावास सम्बन्धी विनियम २०५७ मा Under lin गरिएको जति बुंदा हरु छात्रावास सम्बन्धी विनियम २०५७ लाई संशोधन गर्न गठित परिमार्जन समि व्दारा प्रस्तावित बुंदाहरु हुन ।